




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ ७ गते शुक्रबार ❑ 21 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रधानमन्त्री, प्रचण्ड र नेपालबीच त्रिपक्षीय भेटवार्ता

**रासस**
**काठमाडौं, ६ माघ**

प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालबीच छलफल भएको छ।



प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार साँझ उहाँहरुबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको दाहालका स्वकीय सचिव रमेश मल्लले जानकारी दिनुभयो । उहाँले आगामी राष्ट्रियसभाको निर्वाचन, स्थानीय तह तथा संघीय र प्रदेश तहको निर्वाचनका बारेमा छलफल भएको बताउनुभयो ।

उहाँका अनुसार निर्वाचनबारे छलफल गर्नका लागि प्रधानमन्त्री देउवा, माओवादी केन्द्रका अध्यक्ष दाहाल र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष नेपालबीच शुक्रबार अपराह्न ४ बजे सत्तारूढ गठबन्धन दलको बैठक बोलाउने सहमति भएको छ ।

## गोर्खामा होम आइसुलेसनमा रहेकी महिलाको ज्यान गयो

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

कोरोनाको कारण गोर्खा पालुङ्टार नगरपालिका २ स्थित ६९ बर्षीया एक महिलाको होम आइसुलेसनमा ज्यान गएको छ।

यही माघ ३ गते उनीमा कोरोना संक्रमण पुष्टि भएपनि माघ ५ बुधबार ज्यान गएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र गण्डकी प्रदेशका संयोजक नवराज शर्माले बताए। प्रदेशमा हालसम्म कोरोनाबाट हजार ४ सय ३० जनाको ज्यान गएको छ भने प्रदेशमा कोरोनाका शंक्रिय केस ३ हजार ३ सय ४० जना रहेका छन्। कास्कीमा विहिबार एकै दिनमा २ सय ४१ सहित प्रदेशमा ६ सय २७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

बिहिबार गोर्खामा ४१, म्याग्दीमा ४४, लमजुङ्मा २६, तनहुँमा ६७, नवलपरासि पूर्वमा ६०, स्याङजामा १०७ जना, पर्वतमा ४ र बागलुङ्मा ३७ जनामा कोरोना संक्रमण देखा परेको विज्ञेप्तिमा उल्लेख गरिएको छ। मनाङ र मुस्ताङमा भने पछिल्लो २४ घण्टामा एक जनमा पनि कोरोना संक्रमण पुष्टि भएको छैन । मनाङ्मा भने हाल तेश्रो चरणको कोरोना संक्रमण हालसम्म पुष्टि नभएको निर्देशनालयले दाबी गरेको छ । प्रदेशमा ३ हजार २ सय ६२ जना होम आइसेसनमा रहेका छन भने ७० जना कोरोना निको भएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार १ सय ७५ जनाको परीक्षण गर्दा ५ सय ४८ जनामा नेगेटिभ रिपोर्ट आएको निर्देशनालयले जनाएको छ।

तेश्रो चरणको कोरोनाबाट बच्न तथा बचाउन विभिन्न स्थानमा कोरोना बिरुद्धको खोप अभियान समेत संचालन गरिएको छ।

## त्रिविविका सबै परीक्षा स्थगन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

त्रिभुवन विश्वविद्यालयले सञ्चालन भइरहेका सबै परीक्षा स्थगन गर्ने निर्णय गरेको छ।

विश्वविद्यालयको बिहीबार को बैठकले यही माघ ९ गते आइतबारदेखि अर्को सूचना जारी नभएसम्मका लागि वार्षिक तथा सेमेष्टर प्रणालीका सम्पूर्ण परीक्षा स्थगन गर्ने निर्णय गरेको हो ।

"विश्वविद्यालयअन्तर्गत हाल सञ्चालन भइरहेका अधिकांश परीक्षा सम्पन्न भइसकेका, केही परीक्षा सम्पन्न हुने क्रममा र सञ्चालनको पूर्व तयारी अवस्थामा रहेको तथा विश्वव्यापी रुपमा फैलिएको ओमिक्रोन भेरियण्टको तीव्र सङ्क्रमणका कारण उपत्यका र बाहिरका अधिकांश परीक्षा केन्द्रमा परीक्षासँग सम्बन्धित विद्यार्थी, कर्मचारी एवम् प्राध्यापकसमेत सङ्क्रमित भएका कारण त्रिवि केन्द्रीय परीक्षा सञ्चालक समितिको आजको बैठकले वार्षिक तथा सेमेष्टर प्रणालीका सम्पूर्ण परीक्षा स्थगन गर्ने निर्णय गरिएको छ" त्रिवि परीक्षा नियन्त्रण कार्यालय बल्खुरा जारी सूचनामा उल्लेख छ।

## काठमाडौँ उपत्यकामा जोरबिजोर प्रणाली

**रासस**
**काठमाडौं, ६ माघ**

कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनसहितको सङ्क्रमण तीव्र बन्दै गएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौँले भोलि रातिदेखि जोरबिजोर प्रणाली लागू गर्ने भएको छ।

काठमाडौँ उपत्यकामा सार्वजनिक र निजी सवारी साधनहरु (दुई पाङ्ग्रेसहित) जोर गते जोर र बिजोर गते बिजोर नम्बर प्रणालीमा सञ्चालन गर्ने आदेश जारी गरिएको काठमाडौँका निमित्त प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले जानकारी दिनुभयो।

त्यसैगरी सार्वजनिक सवारीमा सीट क्षमताभन्दा बढी यात्रु नराख्न, सबै यत्रुलाई मास्क अनिवार्य गर्न, सवारी साधानको ढोकामा र सवारी साधनभित्र यात्रुले प्रयोग गर्ने गरी सेनिटाइजरको व्यवस्था गर्नुपर्ने आदेशमा उल्लेख छ।

यसैगरी जिल्लाभित्रका सबै सार्वजनिक र सरकारी निकायमा आलोपालेमा सेवा प्रवाहको उचित प्रबन्ध कार्यालय प्रमुखले गर्ने आदेशमा उल्लेख छ।

## थप १२ हजार ३३८ जनामा कोरोना सङ्क्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

देशभर पछिल्लो २४ घण्टामा थप १२ हजार ३३८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । उक्त सङ्ख्या बुधबारभन्दा ९८६ बढी हो । बुधबार देशभर ११ हजार ३५२ जनामा सङ्क्रमित पुष्टि भएको थियो।

पछिल्लो २४ घण्टामा २७ हजार ४९७ जनाको कोरोना परीक्षण गरिएको थियो। एक्काइस हजार सात जनाले पीसीआर तथा ६ हजार ४९० जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। सो अवधिमा ६४९ जना कोरोनाबाट निको भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख १८ हजार ८०९ पुगेको छ। निको हुने दर ९२ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गर्दा आठ लाख ८७ हजार ७६९ जनामा तथा एन्टिजेन विधिबाट परीक्षण गर्दा एक लाख आठ हजार ११९ जनामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५० लाख ७५ हजार २०५ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या नौ लाख सात हजार ८२३ पुगेको छ। कोभिड-१९ विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख ३४ हजार २१४ रहेको छ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ५७ हजार ३२८ छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट चार जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६३२ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत छ। हाल भेन्टिलेटरमा २७ जना र आइसियूमा १८६ जना रहेका छन्। होम आइसोलेसनमा ५५ हजार ८३६, संस्थागत आइसोलेसनमा एक हजार ४९२ र क्वारेन्टिनमा १२५ जना छन्।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, बाँके, रुपन्देही र कैलाली छन् । दुई सयभन्दा बढी सङ्क्रमित रहेका जिल्लामा पर्सा, बारा, महोतरी, सप्तरी, सलार्ही, सिराहा, नुवाकोट, नवलपरासी पूर्व, गोरखा, तनहुँ, स्याङ्जा, दाङ, सुर्खेत र कञ्चनपुर छन् । कोरोना सङ्क्रमण सबै जिल्लामा फैलिएको मन्त्रालयले जनाएको छ। उपत्यकाका तीन जिल्लामध्ये काठमाडौँमा २६ हजार ६९८, ललितपुरमा ६ हजार ६१२ र भक्तपुरमा तीन हजार ७८३ सक्रिय सङ्क्रमित रहेका छन्।

## प्रतिकूल मौसमका कारण हवाई उडान सामान्य प्रभावित

**रासस**
**काठमाडौं, ६ माघ**

प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान सामान्य प्रभावित भएको छ।

पश्चिमी वायुको प्रभावले बिहानैदेखि देशभरको आकाशमा बाक्लो तुवालो र हुस्सु/कुइरो लागेकाले कतिपय विमानस्थलको उडान प्रभावित भएको हो । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट हुने आन्तरिक उडान सामान्य प्रभावित भएको छ भने अन्तरराष्ट्रिय उडान भने नियमित सञ्चालन भइरहेको छ।

विमानस्थलका महाप्रबन्धक भोलाप्रसाद गुरागाईंका अनुसार विशेषगरी देशको पूर्वी तराई भेगका विमानस्थलमा उडान प्रभावित भएको छ । अहिले विराटनगर, जनकपुर र सिमरामा उडान हुनसकेको छैन । विमानस्थलको पछिल्लो विवरणमा नेपालगञ्ज, भैरहवा र पोखरा विमानस्थलमा उडान सुचारु भएको छ। एयरलाइन्स कम्पनीका अनुसार प्रतिकूल मौसमले कतिपय विमानस्थल अझै खुलेका छैनन् । केही विमानस्थल ढिलोगरी खुलेकाले तीन घण्टासम्म उडान ढिलो भइरहेको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले जानकारी दिनुभयो । उहाँका अनुसार भरतपुर विमानस्थल बिहान ११:३५ बजे र विराटनगर विमानस्थल २ बजे मात्रै खुलेको छ । खुलेका विमानस्थलमा भने नियमित उडान भइरहेको जनाइएको छ।

## पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिनुपर्ने माग

**रासस**
**काठमाडौं, ६ माघ**

विभिन्न विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन माग गरेका छन्।

अनेरास्ववियु, अखिल पाँचौं, वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठन, राष्ट्रिय विद्यार्थी सङ्घ, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्

बाँकी अन्तिम पृष्ठमा ▶▶

## साढे तीन प्रतिशतमात्र पूँजीगत खर्च


**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ माघ**

तनहुँको चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि पुस मसान्तसम्मको छ महिनाको अवधिमा जिल्लामा पूँजीगत खर्च साढे तीन प्रतिशत पनि पुगेको छैन।

जिल्लामा सङ्घीय सरकारको बजेटबाट तीन दशमलव ३३ प्रतिशत मात्रै खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँले जनाएको छ। चालु आवका लागि सङ्घीय सरकारले पूँजीगत खर्चतर्फ रु तीन अर्ब रु ५३ करोड २३ लाख ३३ हजार ३६० विनियोजन गरेको थियो। विनियोजित उक्त पूँजीगत बजेटको आधारमा उक्त तीन दशमलव ३३ प्रतिशत मात्रै खर्च भएको प्रमुख कोष नियन्त्रक किशोरकुमार श्रेष्ठले जानकारी दिनुभयो।

सङ्घीय सरकारको बजेटबाट पुस मसान्तसम्म रु ११ करोड ६९ लाख ९४ हजार पूँजीगत खर्च भएको प्रमुख कोष नियन्त्रक श्रेष्ठले जानकारी दिनुभयो । जिल्लाका लागि विनियोजित रु सात अर्ब ९० करोड १३ लाख ५१ हजार १२४ चालुतर्फको बजेटमध्ये रु तीन अर्ब ८९ करोड ३५ लाख ७४ हजार ९६३ खर्च भएको छ। विनियोजित चालु बजेट (कार्यालय सञ्चालन) तर्फ खर्च भएको रकम ४९ दशमलव २७ प्रतिशत रहेको उहाँले बताउनुभयो । प्रदेश सरकारको पूँजीगत बजेट सङ्घको भन्दा धेरै खर्च भएको छ। प्रदेश सरकारको बजेटबाट १३ दशमलव ५० प्रति पूँजीगत खर्च भएको हो। चालु आवका लागि प्रदेश सरकारले रु दुई अर्ब पाँच करोड ९७ लाख ४८ हजार विनियोजन गरिएकामा रु २७ करोड ८० लाख ६३ हजार ८१८ खर्च भएको सो कार्यालयले जनाएको छ।

योजना छनोट गरेर लागू गरेपछि बोलपत्र प्रक्रिया हुने, बोलपत्र प्रक्रिया पूरा भएर काम सुरु गर्दा करिब दुई महिना लाग्ने भएकाले आवको सुरुआतको समयमा कछुवा गतिमा खर्च हुने गरेको कार्यालयका कोष नियन्त्रक विनोद भट्टराई बताउनुभयो । फागुन-चैतदेखि मात्रै विकास बजेट बढी खर्च हुने गरेको बताइएको छ।

# पोखरामा आहा रारा गोल्ड कप फुटवल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**



पोखरामा विहिबारदेखि आहा ! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७८ सुरु भएको छ । पोखरा रंगशालामा बिहीबार भएको उद्‌घाटन खेलमा सशस्त्र प्रहरी वलको एपिएफ क्लवले आयोजक सहारा क्लवलाई पराजित गर्दै जित हासिल गरेको हो ।

एपिएफले आयोजक सहारा क्लवलाई २-० को गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा स्थान बनाउदा सहारा २० औं आहा रारा गोल्ड कपबाट बाहिरिएको छ । एपिएफको जितमा आभास लामिछाने र प्रदिप लामाले एक एक गोलको योगदान दिए । लामिछानेले खेलको सुरुवातीमा एक गोल गरेका थिए भने दोश्रो हापको सुरुवातीमा लामाले एक गोल गरी जित सुनिश्चित पारेका हुन् । यही माघ ८ गते एफिएफले पाहुना टोली अमेरीकाको विवाईएससी मिनीसोटासंग प्रतिष्प्रर्धा गर्ने भएको छ । सहाराका प्रशिक्षक प्रलाद हिराचनले एक दिनको तयारीमा विदेशी खेलाडीहरुको टिम तयार पारे पनि राम्रो तालमेल हुन नसक्दा पराजित हुनु परेको बताए। एपिएफका प्रशिक्षक कुमार थापाले सहाराको जोडजामको टिम भएकोले त्यसको फाइदा उठाउदै जित सहज भएको बताए । आफुहरुले पहिलो पटक तीन जना विदेशी खेलाडी सहित काठमाण्डौं बाहिर खेलेको उनले जनाए । यस अघि सहाराले १२ औं आहा रारामा उपाधि जितेको थियो । दर्शक विना खेल खेल्दा आफुहरुलाई समेत खल्लो अनुभव हुने सहाराका प्रशिक्षक हिराचनले गुनासो गरे । शुक्रबार हिमालयन शेर्पा बिरुद्ध नेपाल पुलिस क्लव बिच खेल हुने भएको सहारा क्लवले जनाएको छ । खेलमा एपिएफका नविन लामा म्यान अफ दी म्याच घोषित भए ।

यसैबिच, उक्त प्रतियोगिताको उद्‌घाटन अलिल नेपाल फुटवल संघका अध्यक्ष कर्मा छिरीङ शेर्पाले गरेका थिए । आगामी बर्ष देखि आहा रारालाई आफ्नो बार्षिक क्यालेण्डरमा समेत समावेश गर्ने उनले जनाए ।

क्याराभान गोल्ड कप सहितको २१ औं संस्करणको आहा रारा गोल्ड कपको इतिहासमै पहिलो पटक दर्शक विना विहिबार देखि सुरु उक्त खेल सुरु भएको क्लवका अध्यक्ष हरिराम गुरुङ (सुरज) ले बताए । 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' भन्ने उद्धेश्यले यही माघ १५ गतेसम्म संचालन हुने उक्त प्रतियोगितामा पाहुना टोली सहित १० टिमको सहभागिता रहेको महासचिव रामजी प्रसाद अधिकारीले बताए ।

प्रतियोगितामा अमेरीकाको विवाईएससी मिनीसोटा, संकटा क्लब, मछिन्द्र क्लब, नेपाल पुलिस फुटबल क्लब, हिमालयन शेर्पा क्लब, रुस्लान थ्रिस्टार क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, नेपाल ए. पि. एफ. क्लब, मनाङ्ग मर्स्याङ्गदी क्लब र घरेलु टिम सहारा क्लब सहभागी हुने भएको क्लवले जनाएको छ ।

प्रतियोगिताको बिजेताले १० लाख १ हजार र उपविजेताले ५ लाख १ हजार रुपैयाँ नगद सहित ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गर्ने भएका छन्। गत वर्षको विजेता संकटा क्लब र उपविजेता अफ्रिकन रुट एसोसिएसन डाउल्ला, क्यामरुन रहेको थियो । प्रतियोगिताबाट १ करोड ३६ लाख १ हजार रुपैयाँ आम्दानी गरी १ करोड ६ लाख ४८ हजार ५ सय रुपैयाँ खर्च हुने अनुमान गरिएको महासचिव अधिकारीले जनाए । क्याराभान गोल्ड कप सहित २१ वर्ष देखी निरन्तर सञ्चालन भएको यस प्रतियोगितामा वचत हुन आएको रकम क्लबद्वारा संचालित सुर्य बहादुर के.सी.स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिदै आएको क्लवले जनाएको छ । हाल तेश्रो व्याचको एकेडेमीमा १४ जिल्लाका २४ जना बालकहरु आश्रित छन् । हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ उक्त प्रतियोगिताको मुख्य प्रायोजक रहेको छ । उक्त अवसरमा राष्ट्रिय एवं मनाङ मर्स्याङदी क्लवका स्टार खेलाडी अन्जन विष्टलाई उत्कृष्ट बर्ष खेलाडीबाट सम्मान गरिएको छ । उनलाई नगद ३५ हजार सहित सम्मान पत्रले सम्मान गरिएको हो ।

# १० लाख अनुदान प्राप्त गर्न प्रदेशका ३० वटा होमस्टे छनौट

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

१० लाख अनुदान प्राप्त गर्ने गरी गण्डकी प्रदेशका ३० वटा सामुदायिक होमस्टे छनौट भएका छन्। अनुदानको लागि आवेदन दिएका ६२ वटा होमस्टेहरु मध्यबाट पहिलो चरणमा ३० वटा होमस्टे छनौट गरेको पर्यटन कार्यालय पोखराका प्रमुख पुरन गिरीले बताए ।

प्रदेशको पर्यटन उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय अर्न्तगत पर्यटन कार्यालय पोखराले चिश्चित मापदण्डका आधारमा पहिलो चरणमा ३० वटा सामुदायिक होमस्टे (घरबास कार्यक्रम) लाइ मात्र छनौट गरेको उनले जनाए । पर्यटक आगमन, संस्थाको नविकरण, कर चुक्ता, पर्यटकीय गतिविधि लगायतका आधारमा होमस्टे छनौट प्रमुख गिरीले जनाए ।

प्रदेशका ११ जिल्ला मध्य पहिलो चरणमा सबै भन्दा धेरै कस्कीका ९ वटा सामुदायिक होमस्टे छनौटमा परेका छन भने त्यस पछि बागलुङबाट ४ वटा होमस्टे छनौट परेका हुन्। मनाङ र म्याग्दी जिल्लाबाट पहिलो चरणमा होमस्टे अनुदान कार्यक्रमको लागि छनौट हुन नसकेको प्रमुख गिरीले बताए । मनाङबाट होमस्टे कार्यक्रमको लागि कुनै आवेदन नै परेन भने म्याग्दीबाट ३ वटा आवेदन परे पनि निश्चित मापदण्ड भित्र पर्न नसकेको उनको दाबी छ ।

यस चालु आर्थिक बर्ष प्रदेश सरकारले ५० वटा सामुदायिक होस्टेहरुलाई जनही १० लाखको दरले अनुदान दिने बजेटमै उल्लेख गरेको थियो । प्रदेशमा हाल ३ सय ७ वटा सामुदायिक होमस्टेहरु रहेको कार्यालयले जनाएको छ । अबको केही समय पछि पुनः दोश्रो चरणबाट २० वटा होमस्टेहरु छनौट हुने भएको प्रमुख गिरीले जनाए ।

अधिकांश होमस्टेहरुले सामुदायिक भवन निर्माण, सौचालय निर्माण, पदमार्ग निर्माण, पार्क तथा संग्राहलय निर्माणको लागि प्रस्ताव पेश गरेका छन्। छनौटमा परेका होमस्टेहरुमा पर्वतको मोदी गाउँपालिका ५ बाजुङ स्थित पन्चशील सामुदायिक होमस्टे, बागलुङ जैमिनी नगरपालिका ३ स्थित मारुनी सामुदायिक होमस्टे, कास्कीको मादी गाउँपालिका ११ स्थित वार्चोक तोगी होमस्टे रहेको छ । त्यसै गरी नवलपरासी पूर्व बौदीकालि गाउँपालिका २ स्थित डेढगाउँको दराई सामुदायिक होमस्टे, कास्कीको माछापुच्छ्रे गाउँपालिका ८ स्थित कोलेली सामुदायिक होमस्टे, नवलपरासिको मध्यबिन्दु नगरपालिका ६ भण्डारा स्थित प्रकृति र संस्कृति संरक्षण सामुदायिक होमस्टे, नवलपरासि मध्यबिन्दु नगरपालिका १५ स्थित चिसोपानी कुमाल सामुदायिक होमस्टे, मुस्ताङको घरपभ्फोङ गाउँपालिका ५ स्थित थकाली सामुदायिक होमस्टे, कास्कीको अन्नपूर्ण गाउँपालिका ४ स्थित तमु ह्युला सामुदायिक होमस्टे, लमजुङको वेशीशहर नगरपीलका १० स्थित पुमागाउँ सामुदायिक होमस्टे, जमजुङ राइनास नगरपालिका ३ स्थित कुडुले सामुदायिक होमस्टे रहेको छ । त्यस्तै कास्कीको पोखरा १६ स्थित अर्मलाकोट पर्यटन प्रबर्द्धन सामुदायिक होमस्टे, कास्कीको पोखरा २३ स्थित घाँटीछिनामा रहेको पन्चासे सामुदायिक होमस्टे, कास्कीकै पोखरा ३३ स्थित मालागिरी सामुदायिक होमस्टे, गोर्खाको धार्चे गाउँपालिका ४ स्थित लाप्राकमा रहेको कल्चरल सामुदायिक होमस्टे, तनहुँको बन्दीपुर ४ स्थित विमलनगर सामुदायिक होमस्टे, बागलुङ काठेखोला नगरपालिका ७ स्थित माहुरी भरना सामुदायिक होमस्टे, नवलपरासी पुर्व कावासोती नगरपालिका ७ स्थित लामिचौर सामुदायिक होमस्टे, लमजुङ केशीशहर नगरपालिका ३ स्थित काउलेपानी सामुदायिक होमस्टे, कास्कीको माछापुच्छ्रे गाउँपालिका २ स्थित घलेखर्क सामुदायिक होमस्टे रहेका छन्।

त्यस्तै बागलुङ नगरपालिका १० स्थित भकुण्डेमा रहेको अतिथी सत्कार सामुदायिक होमस्टे, पर्वतको मोदी गाउँपालिका ८ स्थित चित्रे ग्रामिण पर्यटन होमस्टे, कास्कीको पोखरा ३१ स्थित पचभैया सामुदायिक होमस्टे, स्याङजाको वालिङनगरपालिका ५ स्थित पित्लेक देउराली सामुदायिक होमस्टे, गोर्खाको वारपाक सुलीकोट गाउँपालिका ४ स्थित बराह सामुदायिक होमस्टे, कस्कीको पोखरा २२ पुम्दी भुम्दी स्थित भुम्दीटुनार सामुदायिक होमस्टे, गोर्खाको पालुङटार नगरपीलका २ स्थित लिगलिगकोट सामुदायिक होमस्टे, स्याङजाको पुतलीबजार नगरपालिका २ स्थित कन्यादेवी ज्यामिरे सामुदायिक होमस्टे, बागलुङ गल्कोट नरपालिका ६ स्थित गलकोट स्टोन भिलेज सामुदायिक होमस्टे र पर्वतको मोदी गाउँपालिका १ स्थित भुकदेउराली नमुनागाँउ सामुदायिक होमस्टे रहेका छन्। स्टमेट नै कम पेश गरेका कारण कास्कीको माछापुच्छ्रे गाउँपालिका २ स्थित घलेखर्क सामुदायिक होमस्टेको लागि ७ लाख ८४ हजार मात्र बजेट विनियोजन भएको छन भने अन्य सवैको १० लाख अनुदान विनियोजन भएको छ । विहिबार नै सवै होमस्टेहरु बिच सम्झौता समेत भएको कार्यालयले जनाएको छ ।

# संक्रामक अस्पताललाई स्वास्थ्यकर्मी सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ माघ**

स्वास्थ्यका क्षेत्रमा काम गर्दै आएको नेलम्बो नेपाल पोखराले कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको जोखिम बढ्दै जाँदा बिरामीको उपचारमा सहयोगका लागि अस्पताललाई जनशक्ति उपलब्ध गराएको छ ।

गण्डकी प्रदेश सरकारले पोखरामा स्थापना गरेको सङ्क्रामक तथा सरुवा रोग अस्पताललाई नेलम्बोले चार जना स्वास्थ्यकर्मी उपलब्ध गराएको हो । सो अस्पतालमा हाल कोरोनाका बिरामीको उपचार हुँदै आएको छ ।

जनशक्ति उपलब्ध गराउने सम्बन्धमा बुधबार नेलम्बोका अध्यक्ष एकदेव देवकोटा र अस्पतालका कार्यकारी निर्देशक डा विकास गौचनबीच सम्झौता सम्पन्न भएको छ ।

नयाँ भेरियन्टसहितको तेस्रो लहरले अधिकतम मानिसका साथै स्वास्थ्यकर्मीसमेत सङ्क्रमित भएकाले स्टाफ नर्स र रेडियो ग्राफर एक/एक जना तथा दुई जना ल्याब टेक्निसियन अस्पताललाई उपलब्ध गराइएको नेलम्बोका अध्यक्ष देवकोटाले बताउनुभयो । उहाँका अनुसार छ महिनाका लागि अस्पताललाई उपलब्ध गराइने जनशक्ति भर्ना गरिएको छ ।

उहाँले भन्नुभयो, "कोरोनासँग जुध्नका लागि हामीले अस्पताललाई उपलब्ध गराउने जनशक्ति आफैँले भर्ना गरेका छौँ, उहाँहरूलाई अस्पतालमा सेवाका लागि पठाउने छौँ ।" छ महिनाका लागि अस्पतालमा स्वास्थ्यकर्मी उपलब्ध गराएबापत रु सात लाख खर्च हुने बताइन्छ। अध्यक्ष देवकोटाले आगामी दिनमा पनि नेलम्बोले कोभिड-१९ आइसोलेसन वार्ड स्थापना गरेका स्वास्थ्य संस्थालाई स्वास्थ्य सुरक्षाका सामग्री आवश्यकता र संस्थाको क्षमताअनुसार प्रदान गरिने जानकारी दिनुभयो ।

यसैगरी अस्पताललाई सो संस्थाले डिस्पोजिवल मास्क ५०० थान, केएन ९५ मास्क ५०० थान, स्यानिटाइजर २० लिटर, पल्स अक्सिमिटर १० थान, डिस्पोजिवल पञ्जा १० प्याकेट, पिपिई १० थान, स्प्रे बोतल १० थान, ब्याट्री १० जोर, कोभिड-१९ सचेतना ब्यानर दुई थान सहयोगसमेत गरिएको नेलम्बोका अप्रेसन कोअर्डिनेटर विदित शाहले जानकारी दिनुभयो ।

# पेट्रोलियम...

गठन, अखिल क्रान्तिकारी र राष्ट्रवादी विद्यार्थी सङ्गठनसहित सात विद्यार्थी सङ्गठनले बिहीबार विज्ञप्ति जारी गरी पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन माग गरेका हुन् । नेपाल आयल निगमले आजदेखि लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टितेलमा तीन रुपैयाँ र हवाई इन्धनमा पाँच रुपैयाँ वृद्धि गरेको छ। "समायोजन गर्ने बाहनामा अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा बढाउने तर घटदा नघटाइ आयल निगमले चुहावट नियन्त्रणमा पटक्कै ध्यान नदिने, घाटा हुँदा पनि आफ्ना कर्मचारीलाई बोनस र भत्ता वितरण गर्ने तथा कर्मचारीको मनोमानीलाई लुकाएर निगमलाई निरन्तर घाटामा देखाएर केवल नाफा निकाल्ने उद्देश्य राखि पटकपटक मुल्य वृद्धि गर्ने कदम प्रति विद्यार्थी सङ्गठनहरु खेद व्यक्त गर्न चाहन्छौं" विज्ञप्तिमा उल्लेख छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित फर्निचरको लागि मिस्त्रि आवश्यक परेको हुँदा इन्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।
तलबः समझदारीमा
अन्य सुविधा आपसी समझदारीमा हुनेछ ।

सम्पर्कः
**सरिता अर्जुन फर्निचर**
पोखरा-११, काहुँडाँडा
फोनः ९८१५१४२२०४, ९८४६९८२६५६


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरुः**
**बाथ रोगः** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सम्पर्क राख्नुहोला ।
**प्यारालाइसिसः** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।
**ढाड दुख्नेः** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।
**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**
*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*
सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# देउवाका बेलगाम मन्त्री

पाँच दलीय गठबन्धनका मन्त्रीहरू एकआपसमा घृणा फैलाउने र अस्थिरता निम्त्याउने काम गर्दै आएका छन् । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आलेको उदण्ड व्यवहारले प्रणालीको धज्जी उडाएको छ । विगतमा आफुले गरेका गलत क्रियाकलापप्रति माफी माग्नुको साटो अरुको मान मर्दन हुने काम गर्दै आएका छन् । लगानीको वातावरण बनाउनु भन्दा निजी क्षेत्रलाई अपमानित गर्ने काम गरेका छन । नम्र र शिष्ट व्यवहार मन्त्रीले गर्नै हुँदैन भन्ने गलत संस्कार बसाल्न खोजेका छनानारायणहिटी संग्रहालय र पशुपति धर्मशालाको अनुगमनका नाममा विधि र नियम तोडेका छनासामाजिक संजालमा चर्चा बटुल्ने निहुँमा स्थापित मान्यतालाई कुल्चिनु हुँदैन । कोरोना संक्रमित भएर फिल्डमा नदेखिएकाले मन्त्री आले ओफेलमा के परेका थिए अर्को मन्त्रीको अभिव्यक्तिले हिंसालाई प्रश्रय दिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले सार्वजनिक कार्यक्रममा जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसहित उनका कार्यकर्तालाई लक्षित गर्दै हिंसात्मक चेतावनी दिएपछि मन्त्री यादवको तीव्र आलोचना शुरू भएको छ । माघ ५ गते बलिदानी दिवसको अवसरमा रौतहटको गौरमा जनता समाजवादी पार्टीले आयोजना गरेको कार्यक्रममा मन्त्री यादवले गौर नरसंहार जस्तै घटना दोहोरिने चेतावनी दिएकी थिइन् । मन्त्रीले के बोल्न हुन्छ के हुँदैन भन्ने ख्याल नगर्ने हावी हुँदै गएका छन । मन्त्रीहरू प्रधानमन्त्री देउवाको कमाण्डमा छैनन् भन्ने प्रेम आले र रेणु कुमारी यादवको आपत्तिजनक ,अशिष्ट र घृणा फैलाउने अभिव्यक्तिले स्पष्ट पार्दछ । अहिले तराई-मधेशका विभिन्न जिल्लामा किसानका विविध माग राखेर जनमत पार्टीले आन्दोलन गर्दै आएको छ ।

त्यसक्रममा बुधबार जसपाले आयोजना गरेको कार्यक्रममा सहभागी हुन पुगेकी मन्त्री यादवलाई जनमत पार्टीको नेतृत्वमा भइरहेको किसान आन्दोलनका आन्दोलनकारीहरूले कालो भण्डा देखाउँदै अवरोध सिर्जना गरेका थिए । ठूल्ठूला लाठीमा कालो भण्डा राखेर प्रदर्शन गरिएको थियो । तर बलिदानी दिवसको अवसरमा अभिव्यक्ति दिने बेला मन्त्री यादवले राउतसहित उनका नेता तथा कार्यकर्ताहरूलाई सामूहिक नरसंहार गर्न सकिने चेतावनी दिएकी थिइन् । गौर राइस मिलमा भएको नरसंहार तत्कालीन मधेशी जनअधिकार फोरमले गरेको दाबी गर्दै राउत र उनका कार्यकर्ताको पनि त्यही हाल हुने चेतावनी यादवले दिएकी थिइन् । सामाजिक सञ्जालमा भाइरल भइरहेको उक्त भिडियोमा मन्त्री यादवले हिन्दी भाषामा बोलेकि थिइन ।

यो गौर(रौतहट)ऐतिहासिक जिल्ला हो । यहाँको राइस मिलको अहिले जीवित इतिहास छा आज बलिदानी दिवसको दिन हामी हिंसा गर्दैनौं । लाठी भाटा देखाए यहाँको मान्छे पनि लाठी चलाउन जान्छन् । तपाईंको लाठी र भाटालाई तोडेर यहीं बन्द गराइदिन सकिन्छ । गाई र भैंसीको दूध खाएका छौ भने सिंहदरबारमा भेटौं । डाक्टर साहेबले अमेरिकामा घाँसपात खाएका होलान् । हाम्रो शरीरमा गाई र भैंसीको दूधले रगत बनेको छ । डाक्टर साहेबलाई भन्न चाहन्छु, हामीसँग नजुध्नुस् । तपाईंलाई घेराबन्दी गरेर मारी दिइन्छ । २०६३ सालमा तत्कालीन मधेशी जनअधिकार फोरम र नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरूबीच भडप हुँदा २८ जनाको मृत्यु भएको थियो। मारिनेमा अधिकांश माओवादीका कार्यकर्ताहरू थिए ।

फोरम कार्यकर्ताले माओवादी कार्यकर्तामाथि सांघातिक हमला गरेका थिए । एउटा सार्वजनिक कार्यक्रममा मन्त्री जस्तो पदमा आसीन भएको व्यक्तिले हिंसात्मक चेतावनी दिएपछि उनको चौतर्फी आलोचना भइरहेको छ । मन्त्रीको उक्त अभिव्यक्तिप्रति जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि आपत्ति जनाएका छन् । यस्तो अभिव्यक्ति दिने व्यक्तिलाई तत्काल मन्त्री पदबाट बर्खास्त गर्नुपर्ने उनको माग छ । आपराधिक हिंसात्मक घटनालाई बढावा दिने मन्त्री यादवलाई नेपाल सरकारले तत्काल बर्खास्त गरेर कानूनीरूपमा मुद्दा चलाउनु पर्छ ।

# एबिसिका आराध्यदेव पूजनीयम् १०८ धारा बराहको मन्दिर बन्ने

पोखरापत्र संवाददाता
पोखरा ६ माघ

पदयात्राका क्षेत्रमा विश्वकै १० उत्कृष्ट गन्तव्यमध्येको अन्नपूर्ण आधार शिविर (एबिसि) को पदयात्रा मार्गस्थित पूजनीयम् १०८ धारा बराहको मन्दिर बन्ने भएको छ ।

पदयात्रा मार्गको दोभान र हिमालयको बीचमा पर्ने दुई हजार ८०० मिटरको उचाइ रहेको स्थलमा अवस्थित पूजनीयम् बराहलाई प्राचीनकालदेखि यस क्षेत्रका बासिन्दाले आराध्यदेवका रुपमा पूजाआजा गर्ने गरेका छन् । पूजनीयम् १०८ धारा बराहप्रति परापूर्वकालदेखि नै विशेष आस्था रहेको र अन्नपूर्ण आधार शिविरमा पदयात्रा गर्नेलाई यिनै बराहले रक्षा गर्ने गरेको विश्वास कायमै रहेको छोमोङ पर्यटन व्यवस्थापन समितिका सचिव एवं निर्माण समितिका सचिव दिलीप गुरुङले जानकारी दिनुभयो । पदयात्री अन्नपूर्ण आधार शिविर जाँदा र फर्कदा होस् वा हिमाल चढ्न जाँदा र फर्कदा होस् बराहको दर्शन गर्ने गरेको जनाउँदै उहाँले यस क्षेत्रको संरक्षणमा बराहको विशेष योगदान रहेको जनविश्वास कायमै रहेको बताउनुभयो । महत्वपूर्ण आस्था विश्वास रहेकै कारण मन्दिर निर्माणका लागि सहयोग जुट्ने अपेक्षा गरिएको निर्माण समितिका अध्यक्ष जगनरास गुरुङले बताउनुभयो ।

मन्दिर निर्माणका लागि अन्नपूर्ण गाउँपालिकाले वडामार्फत रु १० लाख विनियोजन गरिसकेको छ । सबैको साथ र सहयोगमा आकर्षक मन्दिर तयार गरी पदयात्रालाई धार्मिक पर्यटनसँग पनि जोड्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

# हिउँले पैदलमार्ग अवरुद्ध

पोखरापत्र संवाददाता
म्याग्दी ६ माघ

भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा जोड्ने पैदलमार्ग अवरुद्ध भएको छ ।

लुलाङ हुँदै गुर्जा जोड्ने एकमात्र पैदलमार्ग हिउँले पुरिएपछि २६० घरधुरीको बसोबास रहेको पूरै वडा यातायात सम्पर्कविच्छेद भएको हो । वडाध्यक्ष भक्कबहादुर छन्त्यालले बाक्लो हिउँ जमेर पैदलमार्ग अवरुद्ध बनेपछि मानिस, घोडाखच्चर र गाइबस्तुको आवतजावत बन्द भएको बताउनुभयो । "पुस १३ गते परेको हिउँ पग्लिन नपाउँदै पुसको अन्तिम साता र यसै हप्तादेखि निरन्तर परेको हिउँ जमेर पैदलमार्ग अवरुद्ध भएको हो," उहाँले भन्नुभयो "खाद्यान्नलगायत दैनिक उपभोग्य बस्तु र निर्माण सामग्री ढुवानी ठप्प भएको छ ।"

गम्भीर प्रकृतिका बिरामीलाई अस्पताल पुर्‍याउन हेलिकप्टर चार्टर गर्नुपर्ने अवस्था छ । वडा, गाउँपालिका, प्रदेश र सङ्घीय सरकारले गुर्जामा सञ्चालन गरेका योजना कार्यान्वयन प्रभावित भएको छ । गुर्जाको जनकल्याण माविमा सरकारले कोरोना फैलिएपछि बन्द गर्ने निर्णय गर्नुअघिनै हिमपातका कारण पठनपाठन रोकिएको थियो । लुलाङदेखि गुर्जा पुग्न पूरै दिन जङ्गल, भीर र खोल्साको पैदलयात्रा गर्नुपर्छ । सडक नभएको गुर्जा पुग्न समुद्री सतहदेखि तीन हजार २०० मिटर उचाइको देउरालीडाँडा पार गर्नुपर्छ । देउराली आसपासका क्षेत्रमा तीन फिट भन्दा बाक्लो हिउँ जमेको छ । यसैबीच निरन्तरको हिमपातका कारण गुर्जाबासीको दैनिक प्रभावित भएको छ । घरभित्रै आयो तापेर बसेका छन् । घरबाहिरको काम गर्न सकेका छैनन् । गोठमा बाँधिएका गाइबस्तु र भेडाबाख्रालाई सुख्खा घाँस, पराल खुवाएर राखेका छन् । चरनका लागि जंगलमा लैजान सकेका छैनन् । खोला, ताल, पधेरा र धारामा पानी जमेको छ । गत पुष १३ गतेको हिउँमा पुरिएर गुर्जामा एक जनाको मृत्यु भएको थियो । हिउँले गोठ भत्किदाँ पुरिएर बेपत्ता भएका ५० वर्षीय रामबहादुर छन्त्यालको दश दिनपछि शव भेटिएको थियो ।

# मौसममा सुधार हुने

रासस
काठमाडौं, ६ माघ

पश्चिमी वायुको प्रभावले देशको अधिकांश स्थानमा आंशिकदेखि सामान्य बदली रही केही हल्का वर्षा र हिमपात भइरहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

उक्त प्रणालीको प्रभावले पहाडी भेगका थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको विभागका वरिष्ठ मौसमविद् वरुणा पौडेलले बताउनुभयो । "सो मौसमी प्रणाली भोलिदेखि कमजोर हुँदै जाने भएकाले शुक्रबारबाट मौसममा सुधार हुनेछ", उहाँले भन्नुभयो ।

शुक्रबार देशभर आंशिकदेखि सामान्यतया बदली रही हरेक प्रदेशका केही स्थानमा हल्का वर्षा तथा देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको बताइएको छ । विभागले आगामी २४ घण्टाको लागि चेतावनी तथा परामर्श जारी गर्दै देशको पहाडी भू-भागका केही स्थानमा हल्का वर्षाको साथै देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । साथै देशभर चिसो अफै बढ्ने क्रममा रहेकाले यसबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव ६ डिग्री र अधिकतम तापक्रम १८ दशमलव चार डिग्री सेल्सियस रहेको छ । त्यस्तै आज सबै भन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस एक दशमलव चार डिग्री र सबै भन्दा धेरै दिपायलको अधिकतम तापक्रम २२ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

# देविस्थान आधारभुत विद्यालयले स्वर्ण महोत्सव मनाउदैं

पोखरापत्र संवाददाता
वालिङ, ६ माघ



स्याङ्जाको अर्जुनचौपारी–५ शिर्खुमा अवस्थित देविस्थान आधारभुत विद्यालयले स्वर्ण महोत्सव मनाउने भएको छ ।

२०२८ साल माघ १० गते स्थापना भएको सो विद्यालयले ५० वर्ष पुगेको अवसरमा विविध कार्यक्रमसहित स्वर्ण महोत्सव मनाउने भएको हो । विद्यालयका प्रधानाध्यापक कुलप्रसाद खनालले आफ्नो कार्यकालमा विद्यालयले स्वर्ण वर्ष मनाउन पाउनु गर्वको विषय भएको बताए । 'स्वर्ण महोत्सवको समयमा विद्यालयको जिम्मेवारीमा बसेर शिक्षा दिन पाउनु मेरो लागि अविस्मरणिय क्षण हो,' उनले भने, 'हिजोका शिक्षक/शिक्षिका तथा हाल भईरहेका शिक्षक-शिक्षिकाको मेहेनत तथा गुणस्तरीय शिक्षाले गर्दा यति लामो यात्रा सम्भव भएको हो । मैले आफूले सिकेको ज्ञान नयाँ पिढीको लागि बाँड्ने सोचमा देविस्थान आधारभुत विद्यालयले सहजताको भूमिका खेलेको छ ।' विद्यालयका अध्यक्ष टंकप्रसाद खनालले समाजका हरेक तहबाट विद्यालयलाई प्राप्त सहयोग मार्फत् नै यति लामो दुरी पार गर्न सफल भएको बताए ।

'हामीले गरेको मिहिनेतको परिणाम हो,' उनले भने, 'हामीले दिनरात मिहिनेत गरेकै कारण आज यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थी वर्गले नयाँ ज्ञान प्राप्त गर्न सकेका छन् ।' छिमेकी विद्यालय सर्वोदय माविका पूर्व प्रअ जनक खनालले देविस्थान आधारभुत विद्यालय लामो समयदेखि गुणस्तरीय शिक्षा दिन सफल भएको बताए ।

जिल्लाको उत्तर पश्चिममा अवस्थित यस विद्यालयले अनौपचारीक शिक्षाको रुपमा २०१७ सालबाटै पठनपाठन शुरु गरेका भएतापनि औपचारिक स्थापना भने २०२८ लाई मानिएको छ । यस विद्यालयमा २ कोठे खरको छानो भएको कोठाबाट पठनपाठन सुरु भएको थियो । सिमित कार्यक्षेत्र भएकाले हालसम्म पनि यस विद्यालयमा पूर्व प्राथमिक तहदेखि कक्षा ५ सम्म पढाई हुँदै आएको छ ।

# सिफारिस लिन छ घण्टा हिँड्नुपर्ने बाध्यता

पोखरापत्र संवाददाता
तनहुँ, ६ माघ

जिल्लामा अझै पनि त्यस्ता स्थान छन् जहाँ सहजरूपमा आवतजावत गर्न सक्ने अवस्था छैन । देवघाट गाउँपालिका-२ का बासिन्दाले वडा कार्यालयमा पुगेर सेवा लिन छ घण्टा हिँड्नुपर्ने बाध्यता रहेको छ ।

वडाका सबै बासिन्दालाई पायक पर्ने गरी सोही वडाको ब्यागनमा वडा कार्यालय राखिए पनि भौगोलिक विकटताका कारण सेवाग्राहीले लामो समय हिँडेर सेवा लिनुपर्ने अवस्था छ । मास्दीघाट, खाल्टे, कालीको तीर, छेराङ डि डाँडा, घण्टाचुलीलगायतका बासिन्दाले वडा कार्यालय पुग्न मात्रै करिब छ घण्टा हिँड्नु पर्छ ।

सडकको सुविधा भए पनि सवारी साधान त्यति नचल्दा हिँडेरै वडा कार्यालय जानु र आउनुपर्दा कठिनाइ भोग्नुपरेको कालीको तीरबाट सेवा लिन आउनुभएका खमबहादुर मल्लले जानकारी दिनुभयो । "आफ्नो सवारी साधन हुनेलाई त केही सहज हुन्छ तर आफ्नो साधन नहुनेले दिनै बिताएर सेवा लिन जान बाध्य भएका छौं", उहाँले भन्नुभयो । कुनै सामान्य सिफारिसका लागि पनि लामो समय खर्चिनुपर्ने अवस्थाले सेवाग्राहीलाई सेवा लिन सहज नभएको उहाँले बताउनुभयो । वडाका प्रायजसो बासिन्दालाई वडाबाट प्रदान गरिने सेवा लिनका लागि एक दिन खर्चिनुपर्ने यहाँका मानिसका लागि सामान्य जस्तै बनेको वडाध्यक्ष पोलबहादुर आलेले बताउनुभयो । त्यहाँका बासिन्दालाई बानी नै परिसकेको छ। उहाँले भन्नुभयो, "एक दिन वडा कार्यालयबाट कागजात मिलाएर अर्को दिन जिल्लामा आएर काम सल्टाउने गरेका छन् ।" वडा कार्यालयबाट योजना निर्माणसम्बन्धी, जनजाति प्रमाणित, नागरिकता प्रमाणपत्र, विवाहित, अविवाहित, जन्मदर्ता मृत्यु दर्ता, ठेगाना प्रमाणितलगायत सेवा प्रदान गर्ने गरिएको उहाँले बताउनुभयो । साविकको गोटा गाविसको वडा नं ४, ५, ६, ७ र साविकको बैदी गाविसको वडा नं ४, ५, ६, ७, ८, ९ का दुर्गम १० वटा वडालाई हालको देवघाट गाउँपालिका-२ बनाइएको उहाँले जानकारी दिनुभयो । वडा कार्यालयमा विद्युत् को पहुँच पुग्न नसकेका कारण एक किलोवाट सोलार पावरको प्रयोग गरी कार्यालयबाट सेवा प्रदान गरिँदै आइएको वडाध्यक्ष आलेले बताउनुभयो ।

उहाँका अनुसार दैनिक ४० देखि ५० जनासम्म सेवाग्राही कार्यालयमा सेवा लिन आउने गरेका छन् । उक्त वडामा ६०० घरधुरी बासिन्दा रहेको सो वडा कार्यालयले जनाएको छ ।

# मध्यनेपालमा अत्यावश्यक बाहेकका सेवा बन्द

पोखरापत्र संवाददाता
लमजुङ ६ माघ

लमजुङको मध्यनेपाल नगरपालिकाले बिहीबारदेखि एक हप्तासम्मका लागि अत्यावश्यक बाहेकका सेवा बन्द गर्ने निर्णय गरेको छ ।

कोरोना भाइरस सङ्क्रमण बढ्दै गएको र कार्यालयका एक कर्मचारीमा पनि सङ्क्रमण पुष्टि भएको तथा बाँकी कर्मचारीको पीसीआर परीक्षणको नतिजा नआउञ्जेल यही माघ १२ गतेसम्मका लागि अत्यावश्यक बाहेकका सेवाहरू बन्द गर्ने निर्णय भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद शर्माले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सबै कर्मचारीको पिसीआर परीक्षणको नतिजा नआउञ्जे कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका कार्यालयसहित नगरको सबै वडा बन्द हुनेछ । स्वास्थ्य र सरसफाइलगायतका सेवा भने निरन्तर चलिरहन ।" यसरी सेवा बन्द गर्दा सेवाग्राहीको भीड नहुने र सङ्क्रमण फैलिन नपाउने भएकाले सेवा बन्द गर्नुपर्ने बाध्यता आइपरेको उहाँको भनाइ छ । जिल्लामा हालसम्म १३० जना कोरोना भाइरस सङ्क्रमित छन् । तेस्रो लहर सुरु भएयता गत मङ्गलबार जिल्लाका मर्स्याङ्दी गाउँपालिका-६ का ८७ वर्षीय पुरुषको मृत्यु भएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : ब्यापारमा लाभ |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : झमेला बढ्ने |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



# शिशु सहयोगी कार्यकर्ता आवश्यकता

पोखरा महानगरपालिकाको शिक्षा महाशाखाको मिति २०७८/१०/०५ गते प्राप्त पत्र र यस विद्यालयको मिति २०७८/१०/०५ गते बसेको वि.व्य.स.को बैठकको निर्णय अनुसार यस विद्यालयमा १ जना शिशु सहयोगी कार्यकर्ता (शिशु कक्षा शिक्षक) आवश्यक परेको हुँदा योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट तपशिल बमोजिमको कागजातहरु सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**

पदः शिशु सहयोगी कार्यकर्ता
तहः पूर्व प्राथमिक तह संख्याः १ जना
योग्यता– एसएलसी वा सो सरह उत्तीर्ण (तालिम प्राप्त तथा अनुभवीलाई विशेष ग्राहयता
दरखास्त दस्तुरः रु ७५० (सात सय पचास) मात्र
दरखास्त दिने अन्तिम मितिः २०७८/१०/१९ गते दिउसो ४:०० बजेसम्म
परीक्षाको किसिमः लिखित,अन्तवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक समेत
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
तलब स्केलः नेपाल सरकारको नियमअनुसार
आवश्यक कागजातहरुः हस्तलिखित निवेदन
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु (तालिम, अनुभव तथा अन्य प्रमाणपत्रहरु समेत)
सम्पर्क मितिः २०७८/१०/२० गते
सम्पर्क नं.: ०६१-४०२०५६, ९८५६०५०३६०

**श्री जानकी माध्यमिक विद्यालय**
**पोखरा-१७, महतगौडा**

# दूधको मूल्य समायोजन हुँदै

–नारायण न्यौपाने

काठमाडौं, ६ माघ

सरकारले दूधको मूल्य समायोजन गर्ने तयारी गरेको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई केन्द्रिय दुग्ध सहकारी सङ्घ लिमिटेडले दूधको लागत मूल्यसमेत नउठेको जनाउँदै मूल्यवृद्धिका गरेको अनुरोधपछि अध्ययनका लागि समिति गठन गरिएको थियो।

मन्त्रालयले समितिले दिएको रायसुझावसहितको प्रतिवेदनका आधारमा मूल्य समायोजन गर्न लागेको हो । प्रतिवेदनमा पशुलाई खुवाउने आहारा(दाना, चोक्कर, ढुटो, पिना, पराल र घाँस) को मूल्य धेरै बढेको तर दूधको मूल्य साढे दुई वर्षसम्म यथावत् रहेको हुँदा किसान घाटा खाएर दूध बेच्न बाध्य रहको उल्लेख छ । विगतमा प्रत्येक वर्ष मूल्य समायोजन हुँदैआए तापनि पछिल्लो समय साढे दुईयता दूधको मूल्य समायोजन भएको छैन। अहिले किसानले प्रतिलिटर रु ५३ मा दूध बिक्री गर्दैआएका छन्।

उक्त मूल्यमा दूध बिक्री गर्दा किसानले प्रतिलिटर रु ४ घाटा व्यहोर्न पर्ने प्रतिवेदनमा उल्लेख छ । यसअवधिमा औषधि, रेखदेख गर्ने गोठालोको तबलभत्ता, ढुवानी खर्च र अन्य उपकरणलगायतका सामग्रीको मूल्य आकासिएकाले पनि समयानुकूल मूल्यवृद्धि हुन आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनले हालकायम रहेको दूधको मूल्यमा प्रतिलिटर रु १० वृद्धि गर्न सुझाव दिएको छ । अहिले दूधको उपभोक्ता मूल्य प्रतिलिटर रु ७६ छ। प्रतिवेदनका आधारमा मूल्य समायोजन भएमा किसानले प्रतिलिटर रु ६० प्राप्त गर्ने छन् भने उपभोक्ताले रु ८६ मा किन्न पर्नेछ।

मूल्य समायोजनपछि वृद्धि हुने प्रतिलिटर रु १० मध्ये रु सात किसानलाई तथा रु तीन उद्योगीलाई प्राप्तहुनेछ । प्रतिवेदनका आधारमा नयाँ मूल्य लागू भए किसानलाई लागत खर्क कटाएर प्रतिलिटर रु तीन फाइदा हुनेछ। समितिले इलाम, झापा, सुनसरी मोरङ, सप्तरी, सर्लाही, बारा, मकवानपुर, काभ्रे, चितवन, नवलपरासी, रुपन्देही, कास्की, बाँके, सुर्खेत, कैलाली र कञ्चनपुरका दूध उत्पादक किसान र दुग्ध उद्योगीसँग छलफल र अन्तर्क्रिया गरी प्रतिवेदन तयार गरेको हो।

दूध व्यवसायले मुलुकको कूल ग्राहस्थ्य उत्पादनमा ५ प्रतिशत योगदान पुऱ्याउँदै आएको छ । नेपालमा वार्षिक २३ लाख एक हजार टन दूध उत्पादन पुगेको तथ्याङ्क छ । उत्पादनको ४० प्रतिशत गाई र ६० प्रतिशत भैंसीको छ । दूध कृषि उत्पादनको एक मुख्य नगदेबाली हो।

राष्ट्रिय दुग्ध विकास नीति २०७८ मा सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य र साझेदारीमा दूधको उत्पादन र उत्पादकत्ववृद्धि गरी देशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन हुने वातावरण निर्माण गर्ने उल्लेख छ । दुग्ध व्यवसायले मुलुकका करिब ५ लाख मानिसलाई प्रत्यक्षरूपमा रोजगारी प्रदान गरी गरिबी निवारणको उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। प्रतिवेदनमा उल्लेखित तथ्याङ्क अनुसार हाल वार्षिकरूपमा औषत रु दुइ अर्ब बराबरको विभिन्न दुग्ध पदार्थ आयात हुँदैआएको छ । चकलेट, ल्याक्टोजीन, हर्लिक्सजस्ता अन्य दूध मिश्रण भएका खाद्य पदार्थको समेत हिसाब गर्दा वार्षिकरूपमा रु चार अर्बसम्मका दुग्ध पदार्थ आयात हुने गरेको देखिन्छ।

कृषि तथा पशुपक्षी मन्त्रालय स्रोतका अनुसार, मूल्य समायोजनाका सन्दर्भमा सरोकारवालासँग छलफल भइसकेकाले समयानुकूल हुने गरी छिट्टै दूधको नयाँ मूल्य कायम हुनेछ।

# अन्नपूर्ण पदमार्ग पुनः सुनसान

रासस

लमजुङ, ६ माघ

विश्व पर्यटन बजारका महत्वपूर्णमध्ये एक मानिने अन्नपूर्ण पदमार्गमा यतिबेला पर्यटक घट्दा पर्यटन व्यवसायी चिन्तित छन्।

दुईपटकको कोरोनाले थलिएर विस्तारै माथि उठ्दै गरेको यस क्षेत्र अत्यधिक चिसो बढ्नुका साथै पुनः कोरोना जोखिम बढ्न थालेसँगै हप्ता-दश दिनअघिबाट पदमार्गमा आउने पर्यटक शून्यजस्तै भएका जनाइएको छ। पर्यटक नआउँदा आम्दानीको स्रोत ठप्प भएको उनीहरू बताउँदछन्।

कोरोनाको लहर घटेसँगै विस्तारै लय लिँदै गरेको यस क्षेत्रमा दैनिक ५०-६० हाराहारीमा पर्यटक आउने गरे पनि पछिल्लो समय पर्यटकको सङ्ख्या ह्यात्तै घटेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "कोरोनाले थला पारेर माथि उठ्दै गरेको यस क्षेत्र अब फेरि थला पर्न थालेको छ, अझै कहिलेसम्म कोरोनाले प्रभाव पार्ने हो, थाहा छैन तर लामो समयसम्म पदमार्ग सुनसान बनेमा पर्यटन व्यवसायीलाई ठूलो नोक्सान हुनेछ।"

पैतीस हजारभन्दा बढी पर्यटन यस पदमार्गमा आउने गर्दछन् । यीमध्ये अधिकांश पर्यटन व्यवसायीको आम्दानीको मुख्य स्रोत पर्यटक तथा पर्यटन क्षेत्र रहेको छ । तर कोरोनाले पर्यटक आगमन थप भएसँगै उनीहरूको आम्दानीसमेत नहुने हुँदा परिवारको दैनिकी गुजारा चलाउनलाई समेत समस्या हुने पर्यटन व्यवसायीको भनाइ छ । अन्नपूर्ण पदमार्गका पर्यटन व्यवसयी लमजुङ मर्स्याङ्दी गाउँपालिका-४ जगत्का पच्चबहादुर गुरुङले भन्नुभयो, "पर्यटकको चाप हुँदा दैनिक रु ३०-४० हजार आम्दानी हुन्थ्यो, तर अहिले पर्यटक नआउँदा आम्दानी शून्य भएको छ।"

लामो समय कोरोनाले प्रभावित भएको यस क्षेत्र पुनःकोरोना र चिसो बढेकाले पर्यटक पदमार्गमा नआउँदा आम्दानी हुन छाडेपछि चिन्तित भएको उहाँको भनाइ छ। त्यस्तै पर्यटन व्यवसायी खुसबहादुर तामाङको पीडा पनि उस्तै छ । लामो समयपछि पर्यटक चहलपहलले आम्दानी बढाउँदा खुशी हुनुभएका खुसबहादुरको खुशी दुई-तीन महिना नबित्दै फेरि निराश बन्न पुगेको छ। दैनिक रु ३०-३५ हजार आम्दानी हुने गरे पनि यतिबेला पदमार्गमा पर्यटक शून्यजस्तै बनेसँगै आम्दानी नहुँदा र कोरोना बढेसँगै प्रभावले पर्यटक कहिलेसम्म नआउने हो र व्यवसाय नचल्ने भन्ने चिन्ताले सताउन थालेको उहाँले बताउनुभयो । पर्यटन व्यवसायबाट परिवारको गुजारा चलाउँदै आए पनि पर्यटन क्षेत्र नै कोरोनाले प्रभावित बनाएपछि अर्को विकल्प के गरेर आम्दानी गर्ने भन्ने स्थिति सिर्जना कोरोनाले बनाएको पर्यटक व्यवसायी गुरुङको भनाइ छ।

पर्यटकहरू हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रितीरिवाज, प्राकृतिक सुन्दरता हेर्न अन्नपूर्ण पदमार्गमा आउने गर्छन्। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङमा पर्दछ । अन्नपूर्ण पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँचवटा जिल्ला जोडिएको छ । यस पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहरमा छ। तर यतिबेला यी जिल्लाका पदमार्ग आसपासमा अधिकांश पर्यटन व्यवसायीको पीडा उस्तै छ। पदमार्ग सुनसान हुँदा पर्यटन व्यवसायी मात्र नभई सयौं सङ्ख्यामा होटलमा आवद्ध कर्मचारी, भरिया तथा पर्यटकको पथप्रदर्शक गर्दै आएकालाई समेत समस्या पर्न थालेको छ।

# विश्वकपका लागि खेलाडी छनोट

रासस

काठमाडौं, ६ माघ

नेपाल क्रिकेट सङ्घ (क्यान) ले आइसिसी पुरुष टी-ट्वान्टी विश्वकपको ग्लोबल छनोटका लागि नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका घोषणा गरेको छ।

क्यानले बन्द प्रशिक्षणमा रहेका ३० खेलाडीबाट अन्तिम १६ सदस्सीय टोलीको छनोट गरेको हो । छनोटमा युवा ब्याट्सम्यान लोकेश बम र विवेक यादव पहिलो पटक राष्ट्रिय टोलीमा परेका छन् । यस्तै शरद भेषवाकर, प्रदीप ऐरी र जीतेन्द्र मुखियाले राष्ट्रिय टिममा पुनरागमन गरेका छन् । विनोद भण्डारी र सोमपाल कामी भने टोलीमा परेका छैनन्।

विश्वकप छनोटको समूह 'ए' अन्तर्गतको ग्लोबल छनोट फेब्रीअरी १७ देखि २४ तारिखसम्म ओमानमा आयोजना हुँदैछ। उक्त छनोटमा आयोजक ओमानसहित नेपाल, फिलिपिन्स, क्यानडा, संयुक्त अरब इमिरेट्स (युएई), बहराईन, आयरल्याण्ड र जर्मनी रहेका छन्।

यस समूहबाट शीर्ष दुई टोली यसैवर्ष अष्ट्रेलियामा हुने विश्वकपका लागि छनोट हुने छन् । नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषावकर, आरिफ शेख, करण केसी, जीतेन्द्र मुखिया, अभिनाश बोहरा, शाहब आलम, कमलसिंह ऐरी, कुशल मल्ल, विवेक यादव, लोकेश बम र प्रदीप ऐरी छन्।

# स्याङ्जाका सुन्तला रसिलो, ५७ करोडको बिक्री

–तोलाकान्त बगाले

वालिङ, ६ माघ

सुन्तलाको स्वाद र उत्पादनका दृष्टिले छुट्टै पहिचान बनाएको स्याङ्जामा यसवर्ष रु ५७ करोड ९ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको छ।

गत वर्षको तुलनामा सुन्तला उत्पादनमा कमी आएको भएपनि बजार मूल्य राम्रो पाएकाले सो मूल्य बराबरका सुन्ताला बिक्री भएको हो । जिल्लामा यसवर्ष १३ हजार ८४० मेट्रिक टन सुन्तला उत्पादन भएको कृषि ज्ञानकेन्द्र स्याङ्जाले जनाएको छ। उत्पादित सुन्तालामध्ये २५ प्रतिशत अर्थात् तीन हजार ४६० मेट्रिक टन किसान/व्यवसायी आफैले उपभोग गरेको र बाँकी १० हजार ३८० मेट्रिक टन अर्थात् ७५ प्रतिशत बिक्री गर्दा उक्त आम्दानी भएको केन्द्रका प्रमुख विनोद हमालले जानकारी दिनुभयो । जिल्लामा कूल एक हजार ९६९ हेक्टर क्षेत्रफलमा सुन्तला बगैँचा फैलिएको छ । तीमध्ये एक हजार ३८० हेक्टर क्षेत्रफलमा मात्र सुन्तला खेती गरिएको केन्द्रले जनाएको छ । "यसवर्ष कूल रु ७६ करोड १२ लाख मूल्य बराबरको सुन्तला फलेको थियो", प्रमुख हमालले भन्नुभयो, "उत्पादनको २५ प्रतिशत अर्थात् रु १९ करोड तीन लाख मूल्य बराबरको सुन्तला किसान तथा व्यवसायी आफैले उपभोग गरेको देखिन्छ भने बाँकी ७५ प्रतिशत अर्थात् रु ५७ करोड ९ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको हो ।" उहाँका अनुसार जिल्लाभित्रैका स्थानीय बजारमा २० प्रतिशत अर्थात् दुई हजार ७६ मेट्रिक टन बिक्री हुँदा कूल रु ११ करोड ४१ लाख ८० हजार आम्दानी भएको छ। त्यस्तै जिल्लाबाहिर ८० प्रतिशत सुन्तला अर्थात् आठ हजार ३०४ मेट्रिक टन बिक्री हुँदा रु ४५ करोड ६७ लाख २० हजार आम्दानी भएको छ । यसवर्ष किसानले प्रतिकिलो थोक मूल्य रु ५० र खुद्रा मूल्य रु ८० मा बिक्री गरेका छन्।

गतवर्ष स्याङ्जामा कूल एक हजार ६५५ हेक्टर क्षेत्रफलमध्ये कूल एक हजार १६० हेक्टर क्षेत्रफलमा सुन्ताला खेती गरिएको थियो । सो खेतीबाट १७ हजार ६३२ टन सुन्तला उत्पादन भएको थियो । यस वर्षभन्दा गतवर्ष सुन्तला उत्पादन धेरै भए पनि उचित बजार मूल्य नपाउनु र मूल्य थोरै भएका कारण किसानले बिक्रीको मात्रा घटाएर कोसेलीकारूपमा प्रयोग गरेको पाइएको प्रमुख हमालले बताउनुभयो । "यसवर्ष मूल्य पनि बढी भएकाले किसानले कोसेलीभन्दा बिक्रीतर्फ बढी जोड दिएको देखियो", उहाँले भन्नुभयो, "उत्पादन कम हुँदाहुँदै पनि बिक्रीलाई बढी जोड दिएकै कारण आम्दानीमा बृद्धि भएको हो ।" गतवर्ष जिल्लामा रु ७९ करोड ३४ लाख ४० हजार मूल्य बराबरको उत्पादन भए पनि जम्मा रु ५५ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो। यहाँका किसानले गतवर्ष प्रतिकिलो थोक मूल्य रु ४५ र खुद्रा मूल्य रु ७५ मा सुन्तला बिक्री गरेका थिए।

# बन्दीपुर केबलकारमा दुई अर्ब ६० करोड लगानी

पोखरापत्र संवाददाता

दमौली, ६ माघ

तनहुँको बन्दीपुरमा निर्माणाधीन पाँचतारे होटलसहितको केबलकारमा लगानी वृद्धि भएको छ।

होटल र केबलकारको स्तरोन्नति गरिएपछि लगानी बढेको हो । बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले केबलकार र होटलको क्षमता बढेकाले लगानी पनि वृद्धि भएर रु दुई अर्ब ६० करोड पुगेको जानकारी दिनुभयो।

यस अगाडि केबलकारको क्षमता प्रतिघण्टा तीन सय रहेकामा त्यसलाई बढाएर पाँच सय पुऱ्याइएको छ। होटलको कोठा सङ्ख्या ६६ रहेकामा त्यसलाई बढाएर ८७ पुऱ्याइएको छ । शर्माका अनुसार केबलकारको संरचनाको काम ९५ प्रतिशत सकिएको छ। कोरोना कहरका कारण संरचना निर्माणमा ढिलाइ भएको उहाँले बताउनुभयो। "दुई वर्षदेखि कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमले धेरै काम प्रभावित भयो", उहाँले भन्नुभयो, "कोरोना भाइरस सङ्क्रमणको बढ्दो जोखिमकै बीचमा पनि स्वास्थ्यमापदण्ड अपनाएर काम सुचारु गर्दै आएका छौं।"

विसं २०७५ साउन पहिलो साता शिलान्यास भई विसं २०७७ फागुन १ गते केबलकार सञ्चालन गर्ने लक्ष्य लिइएको थियो । तर कोभिड-१९ को प्रभावका कारण उक्त लक्ष्य प्रभावित भएको छ । अब विसं २०७९ फागुन १ गते बटम स्टेशनको सम्पूर्ण काम र केबलकारको सम्पूर्ण काम सकेर व्यावसायिक सञ्चालन गरिने शर्माले जानकारी दिनुभयो । कम्पनीले विसं २०७९ वैशाख १ गतेदेखि होटललगायत सम्पूर्ण पूर्वाधार प्याकेजसहित फुलफेजमा पर्यटन पूर्वाधार युक्त केबलकार परियोजना सञ्चालनमा ल्याउने रणनीति बनाएको थियो । माथिल्लो स्टेशनको बहुआयामिक चारतारे होटलसहितको निर्माण सम्पन्न गरी विसं २०८० असोज १ गते परियोजना मूलयोजना सञ्चालनमा ल्याउने तयारी गरिएको छ । तर कम्पनीले त्यस भन्दा अगावै विसं २०७८ फागुन १ गते रेष्ट्रो जोन जोन सञ्चालनमा ल्याउने भएको छ। "केबलकारभित्र रेष्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको अफ आवर साँझ ५ बजेदेखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौ," शर्माले भन्नुभयो । उहाँका अनुसार तल्लो र माथिल्लो स्टेशनमा रेष्टुरेण्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा सेवा दिनसक्नेछ।

यहाँ ल्याण्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ । बन्दिपुरको ऐतिहासिकता झल्कने गरी बन्दिपुर घडी, बन्दिपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ। यस गार्डेनभित्र बटम स्टेशनको पाँच तलामाथिबाट पानीको आकर्षक झरना बनाइनेछ । यसले पर्यटकलाई लोभाउने विश्वास गरिएको शर्माले बताउनुभयो । यसैगरी वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ । बन्दिपुर गाउँपालिका-४ ठूलाढुङ्गास्वाँराबाट बरालथोकसम्म जोडिने केबलकारबाट एसियाकै ठूलो दाबी गरिएको बिमलनगरस्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ । ठूलाढुङ्गास्वाँराबाट सुरू हुने केबुलकार सिद्धगुफाको छेउहुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ।

केवलकारले एक किलोमिटर ६०० मिटर यात्रा गर्नेछ । आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एण्ड टुर्स प्रालि, टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केवलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको हो। लगानीदाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीको कम्पनी हो, जहाँ एक हजार एक सय भन्दा बढी लगानीकर्ता रहेका छन्।

# अठार हजार नेपालीका राहदानीको विवरण इन्टरपोलमा

रासस

काठमाडौं, ६ माघ

राहदानी विभागले १८ हजार ७७१ नेपाली नागरिकका राहदानी हराएका विवरण अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)मा दर्ता गराएको छ । राहदानी नियमावली, २०२० अनुसार विभागले हराएका राहदानीको विवरण नेपाल प्रहरीको इन्टरपोल शाखामार्फत १९४ राष्ट्र सदस्य रहेको इन्टरपोलमा दर्ता गराएको हो।

नियमावलीअनुसार हराएका राहदानीबारे इन्टरपोललाई समय-समयमा अद्यावधिक गर्नुपर्ने प्रावधन छ । यसै हप्ता परराष्ट्र मन्त्रालयले जारी गरेको नेपालको परराष्ट्र मामिलासम्बन्धी वार्षिक प्रतिवेदनमा विभागले हराएको राहदानीको विवरण नियमित रूपमा इन्टरपोललाई पठाउँदै आएको जनाइएको छ। वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०७७/७८ को विवरणमात्र समावेश गरिएको छ।

विभागले ७७ वटै जिल्ला प्रशासन कार्यालय, १९ इलाका प्रशासन कार्यालय र विदेशस्थित ४० नेपाली कूटनीतिक नियोगमार्फत राहदानी सेवा उपलब्ध गराउँदै आएको तथा उक्त अविधि सम्ममा ६८ लाख ६ हजार ९१३ 'मेसिन रिडेबल पासपोर्ट' जारी गरेको प्रतिवेदनमा उल्लेख छ।

## प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

### शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशित मितिः २०७८/१०/०७

यस निर्देशनालयबाट मिति २०७८/०९/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा पुनः प्रकाशित सूचना अनुसार भ्याक्सिन बैंक संचालन तथा स्थापनाको लागि आवश्यक पर्ने मेसिनरी सामान र ट्रान्सफरमर जडान तथा खरीद सम्बन्धी कार्य गर्नका लागि पेश भएका शिलबन्दी दरभाउ पत्रहरु मुल्याङ्कन गर्दा तपशिल अनुसार सारभुत रुपमा प्रभावग्राही शिलबन्दी दरभाउपत्रहरु भएकोले सार्वजानिक खरीद ऐन २०६३ (संशोधन सहित) दफा २७ को उपदफा २ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | स्वीकृत भएको कम्पनी/फर्मको नाम र ठेगाना | कवोल अंक मु.अ. कर सहित |
|---|---|---|---|---|
| १ | DLFD/SQ01/078/79 | भ्याक्सिन बैंक तथा कार्यालयको लागि ट्रान्सफरमर खरीद तथा जडान | रिलायवल विल्डर्स एण्ड कन्ट्रक्सन, पोखरा-१७ | १०,९३,८४०/०० |
| २ | DLFD/SQ02/078/79 | भ्याक्सिन बैंक संचालनका लागि आवश्यक पर्ने मेसिनरी सामान खरीद | नेशनल रेफ्रीजेरेटर उद्योग, काठमाडौं | १४,८०,८९८/९० |